नगर कार्यपालिकाको
बैठक संख्या ३२-२०७९/०८०
मिति २०८०/०६/२४ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर,बाँके
लुम्बिनी प्रदेश,नेपाल

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ३२, २०७९-२०८४)

मिति : २०८० असोज २४ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिका लाई विपक्षी बनाई दायर हुने मुद्दाहरुमा कार्यालयको तर्फबाट प्रतिरक्षा गर्न एवं लिखित जवाफ पेश गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत श्री धोलकराज ढकाललाई कार्यदिश दिने ।

३. बसपार्क सपिङ कम्प्लेक्स भाडामा लगाउने विषयमा यस कार्यालयबाट ६ पटक सूचना प्रकाशन गर्दा समेत कुनै प्रस्तावदाताले प्रस्ताव पेश गरेको नपाइएकोले सो बाट नगरपालिकाले प्राप्त गर्न सक्ने राजश्व आम्दानी गर्न नसकिएको अवस्था भएको हुँदा उद्योगी, व्यवसायी तथा सरोकारवाला निकायहरु सम्मिलित अन्तरक्रिया कार्यक्रम आयोजना गरी सो बाट प्राप्त सुझाव बमोजिम भाडामा लगाउने विषयमा आवश्यक कार्य गर्ने निर्णय गरियो । साथै कोहलपुर ११ गोलपार्क स्थित भ्यू टावर समेत भाडामा दिनका लागि २ पटक सूचना प्रकाशन गरिएकोमा कुनै पनि प्रस्ताव पेश हुन नआएकोले पुनः तेश्रो पटकका लागि १५(पन्ध्र) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

४. यस कार्यालय अन्तर्गत विभिन्न व्यक्तिगत विवादित जग्गाहरुको नापीका लागि माग भई आउने गरेको अवस्था समेतलाई ध्यानमा राखी यस प्रकारको कार्यलाई करको दायरामा ल्याउँदा नागरिकले सेवा समेत प्राप्त गर्ने एवं नगरपालिकाको राजश्वमा समेत उल्लेख्य वृद्धि हुने भएको अवस्था समेतलाई मध्यनजर गर्दै व्यक्तिगत जग्गा नापी गराउँदा प्रति कित्ता रु १५०० राजश्व लिई नापजाँचका लागि खटाउने र यसरी प्राप्त हुने राजश्वको ४० प्रतिशत सम्बन्धित कार्यमा खटिने प्राविधिकलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने र यसको राजश्व सम्बन्धित वडा कार्यालयबाटै नियमानुसार संकलन गर्ने निर्णय गरियो ।

५. कोहलपुर नगरपालिकाको नक्शा पास अभिलेख प्रणालीलाई व्यवस्थित गर्न र प्रभावकारी बनाउन अनलाइनमा आधारित नक्शा पास सफ्टवेयर जडान गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली,२०७६ को नियम ८५ बमोजिमको खरिद प्रकृया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

६. कोहलपुर नगरपालिकाको कार्यप्रणाली र सेवाप्रवाहलाई व्यवस्थित गर्न देहाय अनुसारका कार्यविधि एवं निर्देशिकामा छलफल भयो । कार्यविधिका विषयमा प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने निर्णय गरियो ।



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३२-२०६६-०८४
मिति २०८०।०६।२४ को
निर्णय प्रमाणित

क. जनतासँग नगरप्रमुख कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०

ख. कोहलपुर नगरपालिकाको गोल्डकप (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

ग. कोहलपुर नगरपालिकाको सार्वजनिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिका, २०८०

७. कोहलपुर नगरपालिकाको सार्वजनिक जग्गामा वन व्यवस्थापन कार्यविधि, २०८० को प्रारम्भिक मस्यौदा तयार गरी आगामी कार्यपालिकामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

८. कोहलपुर नगरपालिकाको नगर प्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा संशोधन गर्ने ।

९. कोहलपुर नगरपालिकाबाट भुक्तानी हुनुपर्ने देहायका रकमहरु भुक्तानी गर्ने निर्णय गरियो ।

क. कोहलपुर नयाँ बसपार्कको साउन र भदौको रु २ लाख ३२ हजार को विद्युत महशुल

ख. योग एवं प्राकृतिक स्वास्थ्य समाजको रु १५ हजार ५ सय २० रुपैयाँको विद्युत महशुल

ग. बिराट खानेपानी तथा सरसफाई संस्थालाई सामाग्री उपलब्ध गराए बापत भैरम इन्टरप्राइजेज प्रा.लि.लाई गत वर्ष भुक्तानी हुन बाँकी रकम रु ३ लाख ७५ हजार ३ सय १६ रुपैयाँ (गत वर्षको दायित्वबाट भुक्तानी गर्ने)

१०. कोहलपुर नगरपालिकाबाट विभिन्न विपदजन्य पहिरो डुबान क्षेत्रको संरक्षणका लागि नियमानुसार सम्झौता गरी भाडामा लिँइदै आएको डोजरको भाडा अवधि समाप्त भैसकेकोले नगरप्रहरीको अगुवाईमा सडक सरसफाई, सार्वजनिक जग्गा संरक्षण समेतको कार्यका लागि डोजर आवश्यकता पर्ने देखिएको हुँदा उक्त डोजरको भाडा अवधि २०८० कार्तिक १४ गतेसम्मका लागि थप गर्ने ।

११. सङ्घीय सशर्त अनुदानको तर्फबाट नवीकरणीय उर्जाका लागि प्राप्त भएको रकम रु ८ लाख बाट कोहलपुर नगरपालिका अन्तर्गतका विभिन्न वडाहरु, स्वास्थ्य चौकीहरु एवं विभिन्न सामुदायिक विद्यालयहरुलाई वितरण गर्ने गरी विद्युतीय चुल्हो खरिद गर्न आवश्यक प्रकृया अघि बढाउने ।

१२. कोहलपुर नगरपालिका अन्तर्गत रहेका देहायका समितिका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क. स्थानीय तहमा कृषि स्नातक परिचालन सम्बन्धी कार्यविधि बमोजिमको पदपूर्ति समितिको मिति २०८० असोज २० गतेको निर्णय अनुमोदन गर्ने ।

ख. सिकलसेल एनिमिया तथा थालेसेमिया रोग सम्बन्धी समितिको मिति २०८० असोज १० गतेको निर्णय अनुमोदन गर्ने ।

१३. कोहलपुर नगरपालिकाको स्यानिटरी प्याड व्यवस्थापन समितिको मिति २०८०/६/०७ को निर्णय अनुमोदन गरी स्यानिटरी प्याड व्यवस्थापन शीर्षकमा आएको रकमबाट ७०१७६ थान स्यानिटरी प्याड ८ थान डिस्पोजल मेशिन खरिद गर्ने निर्णय भएकोमा ७०१७६ थान स्यानिटरी प्याडका अतिरिक्त कोहलपुर



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३२-२०७९/०८०
मिति २०८०/०६/२४ को
निर्णय प्रमाणित

नगरपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरुलाई पुग्ने गरी १३ थान डिस्पोजल मेशिन खरिद गर्ने गरी प्रकृया अघि बढाउने निर्णय गरियो । उक्त कार्यका लागि रकम नपुग हुने भएमा नपुग रकम नगरपालिकाको सम्पुरक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

१४. कोहलपुर नगरपालिका अन्तर्गत कार्यरत वडासचिवहरुको क्षमता विकासका लागि व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम २०८० कार्तिक महिनामा गर्ने गरी आवश्यक प्रबन्ध गर्ने र सोको खर्च चालु तर्फको कर्मचारी तालिम शीर्षकमा विनियोजन भएको रकमबाट गर्ने ।

१५. बालशिक्षा मावि कोहलपुरको जग्गा नक्शांकन एवं भोगाधिर सम्बन्धमा विद्यालय र सम्बन्धित वडा कार्यालयबाट प्राप्त सिफारिश बमोजिम उक्त जग्गाको भूस्वामित्व नेपाल सरकारमा नै नीहित रहने गरी हाल विद्यालयले प्रयोग गरेको जग्गा नापजाँच एवं नक्शांकनको कार्यमा आवश्यक सहयोग गर्न भूमि सहजीकरण समितिलाई अनुरोध गर्ने ।

१६. कोहलपुर वृहत शहरी खानेपानी उपभोक्ता समितिबाट मिति २०८०/०६/१० गतेको पत्रानुसार कोहलपुर नगरपालिका वडा नं ८ सितल छायाँ सामुदायिक वन उपभोक्ता समितिको १ हेक्टर जग्गा उपलब्ध गराउने निर्णय सहित भोगाधिकारका लागि सिफारिश माग भई आएकोले वन ऐन, २०७६ बमोजिम जग्गा भोगाधिकार सम्बन्धमा आवश्यक निर्णयका लागि सम्बन्धित मन्त्रालयमा लेखी पठाउने ।

१७. कोहलपुर नगरपालिकाको नगरप्रमुख,नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सवारी चालकले कार्यालय समयअघि पछि एवं कतिपय सार्वजनिक विदाको दिनमा समेत खटिनुपर्ने अवस्था रहेकोले कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) (दोश्रो संशोधन) नियमावली,२०७९ को नियम ७(घ) बमोजिम मासिक ३ हजार रुपैया अतिरिक्त सुविधा दिने कार्यलाई निरन्तरता दिने ।

१८. कोहलपुर नगरपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फ प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता बापत नेपाल सरकारको निर्देशन र कार्यालयको आन्तरिक आयको अवस्था समेतलाई मध्यनजर गरी १५ प्रतिशत जोखिम भत्ता उपलब्ध गराउँदै आइएको कार्यलाई निरन्तरता दिने ।

१९. कोहलपुर नगरपालिका अन्तर्गत रहेका नागरिकहरुको सुविधा एवं स्वास्थ्यका लागि खुला व्यायामशाला निर्माण गर्नुपर्ने आवश्यकता देखिएको एवं सिद्धिविनायक ग्रामीण सामुदायिक वन उपभोक्ता समूह कोहलपुर



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ३२-२०८०।०८४
मिति २०८०।०५।२८ को
निर्णय प्रमाणित

२ ले सो का लागि निवेदन माग समेत गरेको देखिएकोले आवश्यक प्रकृया पूरा गरी खुला व्यायामशाला निर्माणको कार्य अघि बढाउने ।

२०. कोहलपुर नगरपालिका अन्तर्गत भूमि आयोगको कार्यमा खटिएका अमिनहरुको २०८० असार महिनाको तलब भुक्तानी छुट हुन गएको हुँदा उक्त तलबलाई चालु आ.व. को दायित्वमा सारी भुक्तानी गर्ने ।

२१. कोहलपुर नगर कार्यपालिकाको मिति २०८० भाद्र ३ गतेको निर्णयानुसार नेपाल सरकारको नगद अनुदान बजेट शीर्षक नं ३११२२ को सिकलसेल एनिमिया ल्याब सञ्चालन तथा व्यवस्थापन कार्यक्रमका लागि निकासा भएको रकम रु ७० लाख बाँडफाँड गर्दा तलब भत्ताका लागि समेत रकम बाँडफाँड भएको र विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ७ बमोजिम उक्त कार्यक्रममा निकासा भएको रकम तलबभत्तामा खर्च गर्न नमिल्ने भन्ने प्रावधान बमोजिम सिकलसेलमा कार्यरत कर्मचारीहरुको तलबभत्ता बापतको रकम नगरपालिकातर्फको करार सेवा शुल्कबाट भुक्तानी गरी विशेष अनुदानबाट तलबभत्तामा विनियोजित रकम रु २८ लाख ५० हजारबाट अन्य आवश्यक कार्य गर्ने ।

२२. त्रिभुवन माध्यमिक विद्यालय, कोहलपुर १० को चलानी १२१७ को पत्र एवं विद्यालय व्यवस्थापन समितिको २०८० असार २७ गतेको निर्णय समेत संलग्न राखी उक्त विद्यालयको श्रोत केन्द्र (हाल सिकाई केन्द्र) रहेको भवन रोड विभागको मापदण्ड अनुसार भत्काउनुपर्ने र विद्यालय पूर्वाधार निर्माणका लागि अनुमती माग भई आएको देखिँदा सम्बन्धित वडा कार्यालयको सिफारिश समेत माग गरी अनुमती प्रदान गर्ने ।

२३. कोहलपुर नगरपालिका अन्तर्गत कार्यरत अमिन चित्रराम ओली (संकेत नं २४०३३२) ले अध्ययन अनुमतीका लागि दिएको निवेदन उपर छलफल हुँदा कार्यालयको कामकाजमा बाधा नपर्ने गरी कार्यालय समयभन्दा अघि वा पछिको समयमा अध्ययन गर्न पाउने गरी स्वीकृति दिने ।

२४. कोहलपुर नगरपालिका अन्तर्गत आर्थिक सहायता माग भएका देहायका निवेदन उपर छलफल गरी देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

क. कोहलपुर नगरपालिका वडा नं ७ बस्ने माया पुनको छोरी जलेर उपचार गर्नुपर्ने भएकोले सम्बन्धित वडा कार्यालयको सिफारिश समेत माग गरी रु २० हजार रुपैयाँ ।

ख. कोहलपुर नगरपालिका वडा नं ४ निवासी तुलसी कुमारी कामीको स्वास्थ्य उपचारका लागि रु १५ हजार रुपैयाँ ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३२-२०८३/०८४
मिति २०८०/०६/२८ को
निर्णय प्रमाणित

२५. त्रिवेणी विकास समाजले कोहलपुर नगरपालिका अन्तर्गतका विपन्न नागरिकहरुका लागि लक्षित गरी पाठेघरको स्क्रिनिङ सम्बन्धी शिविर सञ्चालनका लागि आवश्यक सहयोग सहितको साझेदारीका लागि अनुरोध गरे बमोजिम यस नगरपालिकाको स्वास्थ्य तर्फको स्वीकृत वार्षिक कार्यक्रमबाट आवश्यक साझेदारी गर्ने गरी सहयोग गर्ने ।

२६. हिन्दुहरुको महान चाड वडा दशैंको अवसरमा दुर्गा पुजाका लागि आवश्यक सहयोग गर्न भनी कोहलपुर लायन्स क्लब, जनसरोकार पैरवी अभियान नेपाल समेतको सहकार्यमा बेटर बाँके नामक संस्थाबाट आवश्यक सहयोगका लागि माग गरेको हुँदा नगरपालिकाको सामाजिक विकास तर्फ विनियोजित बजेटबाट खर्च लेख्ने गरी रु १ लाख ५० हजार सहयोग गर्ने ।

२७. कोहलपुर नगरपालिका अन्तर्गत भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको लगत संकलन, नापजाँच, समेतका कार्यमा भएको खर्च माग भई विभिन्न वडास्तरीय निर्णय समेत संलग्न राखी भुक्तानीका लागि लेखी आएकोले अधिकारसम्पन्न भूमि व्यवस्थापन समितिबाट निर्णय सहित सिफारिश भई आएमा भूमि आयोगको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने ।

२८. लुम्बिनी प्राविधिक विश्वविद्यालयको च.नं. १२९ मिति २०८०/०६/२४ गतेको पत्रानुसार लुम्बिनी प्राविधिक विश्वविद्यालय, इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थानद्वारा सञ्चालित B. Tech in IT विषयको प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुमध्ये कोहलपुर नगरपालिका वडा नं ९ निवासी सुजन नेपालीको उक्त कार्यक्रममा भर्ना भई अध्ययन गर्न नगरपालिकाको तर्फबाट व्यहोर्ने र सो अध्ययनका लागि लाग्ने कुल रकम रु ४ लाख ६२ हजार ५ सय रुपैयाँ मध्ये चालु वर्षका लागि आवश्यक पर्ने रकम रु १ लाख १५ हजार ६ सय २५ रुपैयाँ नगरप्रमुख छात्रवृत्ति कार्यक्रम शीर्षकबाट व्यहोर्ने ।

२९. कोहलपुर नगरपालिका वडा नं १४ स्थित पशु सेवा केन्द्रको भवनमा आल्मुनियम पार्टेशन लगायतको कार्य गर्नका लागि प्राविधिक लागत अनुमान एवं मूल्याङ्कन गर्न लगाई सो बमोजिमको रकम भैपरी आउने पुँजिगत खर्च शीर्षकमा विनियोजित रकमबाट खर्च गर्ने ।

३०. कोहलपुर नगर कार्यपालिकाको मिति २०८० भदौ १८ गतेको निर्णय नं ९ बमोजिम कोहलपुरमा स्थापना हुन लागेको मालपोत कार्यालयका लागि ५ केभिए को इन्भर्टर खरिद गरी हस्तान्तरण गर्ने निर्णय भएकोमा स्थानीय तहका कर्मचारीहरुको आन्दोलन समेतबाट उक्त खरिद प्रकृया अघि बढ्न नसकेकोले सम्बन्धित मालपोत कार्यालयबाटै प्रचिलत खरिद ऐन तथा नियमावलीको पालना गर्ने गरी उल्लेखित सामाग्री खरिद गरी आवश्यक बिल भरपाई एवं दाखिला प्रतिवेदन प्राप्त भएपश्चात रकम भुक्तानी गर्ने निर्णय गरियो ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत